"समृद्ध गाउँपालिका र सुखी जनता"

# माईजोगमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय



रेड पाण्डा

माईजोगमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इलाम जिल्ला कोशी प्रदेश, नेपाल २०७३

पत्र संख्याः ०८१/८२
च.नं :१४२

नयाँबजार, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८१।०५।०२
ने.सं.: ११४४ गुँलाथ्व १४ आइतवार

श्री सम्बन्धित सम्पूर्ण सहकारी संस्थाहरु
माईजोगमाई गाउँपालिका भित्र दर्ता भएका

**विषयः सहकारीको वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस माईजोगमाई गाउँपालिकाको अभिलेख बमोजिम दर्ता भएका विभिन्न प्रकृतिका ५१ वटा सहकारी संस्था मध्ये कतिपय सहकारी संस्थाहरुले डिभिजन सहकारीबाट हस्तान्तरण भए देखिनै र कतिपय संस्थाहरुले बिचमा नै यस पालिकामा वार्षिक बुझाउनु पर्ने कुनै पनि प्रकृतिका प्रतिवेदनहरु/ लेखापरीक्षण प्रतिवेदन तथा पालिकाबाट माग भई आएका विवरणहरु नबुझाएको साथै बार्षिक साधरण सभा तथा लेखापरीक्षण प्रतिवेदन बुझाउनु पर्ने कानुनी प्रावधान रहेको तथा नियमक निकायले माग गरे बमोजिमको प्रतिवेदन कागजातहरु नबुझाएको र निस्क्रिय रहेको हुँदा डिभिजन सहकारीमा दर्ता भई श्रेस्तामा रहेका तथा कोपोमिसको डाटामा देखिएका त्यस प्रकारका सहकारी संस्थाहरुले सहकारी ऐन २०७४ को दफा ८८ को उपदफा ३ को २(क) बमोजिम लगातार दुई वर्ष सम्म कुनै कारोबार नगरी निस्क्रिय भई सक्रिय नभएका त्यस प्रकारका सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सहकारी शाखा माईजोगमाई गाउँपालिकामा अनिवार्य सम्पर्क राखि सो सहकारीको के कत्ति कारणले लेखा परीक्षण प्रतिवेदन नबुझाएको हो, त्यस्ता सहकारीहरु मर्जको प्रकृयामा किन नगएको र त्यस प्रकारको सहकारीहरुलाई ऐन बमोजिम दर्ता खारेजी के कत्ती कारणले नगर्नु पर्नेहो, नियामक निकायले माग गरे बमोजिमको विवरण किन प्राप्त नभएको र पालिकाबाट संचालित कुनै पनि प्रकारको तालिममा के कत्ति कारणले सहभागी नपठाएको हो संचालक समितिको पत्र र आधिकारीक व्यक्तिले सम्पर्क राख्नु होला । यदि सम्पर्कमा नआएमा अर्को सूचना मार्फत त्यस प्रकारका सहकारी संस्थाहरुको विवरण सार्वजनिक गरी दर्ताखारेजी तथा सहकारी ऐन बमोजिम कानुनी कार्वाही भईजाने व्यहोरा सम्पूर्ण सहकारी संस्थाहरुलाई जानकारी गर्दछौ । साथै लेखा परीक्षण प्रतिवेदन/नविकरणको सन्दर्भमा ऐन बमोजिम आ.व समाप्त भएको मितिले ३ महिना सम्म अनिवार्य बुझाउनु होला यदि म्याद गुज्रीएर आएमा सहकारी ऐनले मार्ग निर्देश गरेबमोजिम माईजोगमाई गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख भए बमोजिम जरीवाना लाग्ने व्यहोरा समेत सम्बन्धित सबै सहकारी संस्थाहरुलाई जानकारी गराईन्छ ।

अशोक लिम्बू
सहकारी शाखा प्रमुख

गोकूल प्रसाद सजेल
नि.कार्यालय प्रमुख

नि. कार्यालय प्रमुख

Phone No:- 027411044, website:- www.maijogmaimun.gov.np
Email:-maijogmaigaupalika@gmail.com